
## कास्कीको गिद्ध रेष्टुरेण्ट

यो रेष्टुरेण्ट मानिसहरुका लागि खाना खान भनेर बनाइएको होइन । यो त्यस्तो प्रकारको रेष्टुरेण्ट हो जहाँ गिद्धहरु सिनो खान आउँछन् । युरोप र अफ्रिकामा यस्ता किसिमका केही रेष्टुरेण्टहरु संचालन भैसके पनि जटायु रेष्टुरेण्टको अवधारणा एसियाका लागि भने गिद्ध संरक्षणको एउटा नयाँ प्रयास हो । यस कार्यक्रमको मुख्य उद्देश्य लोपोन्मुख अवस्थामा पुगेका दुर्लभ गिद्धहरुलाई त्यहाँका स्थानीय जनसमुदायसँग मिलेर शुद्ध खाना प्रदान गर्नु हो भने अर्कातिर पर्यटकलाई आकर्षण गरी पर्या-पर्यटनको विकास गर्दै स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउनु हो ।

यस रेष्टुरेण्टलाई निरन्तरता दिन यहाँ गौरक्षा केन्द्रको स्थापना गरिएको छ, जहाँ वृद्ध गाईवस्तुहरु संकलन गरी पालनपोषण गरिन्छ । बिरामी गाईवस्तुहरुलाई गिद्धहरु तथा अन्य वन्यजन्तुमा असर नपर्ने उचित औषधिद्वारा उपचार गराईन्छ । तिनीहरुको प्राकृतिक मृत्यु पश्चात् जटायु रेष्टुरेण्टको एउटा निश्चित स्थानमा गिद्धहरुको आहाराका लागि राखिन्छ ।





सन् २०१० मा स्थापना भएको कास्कीको धाचोकमा भएको गिद्ध रेष्टुरेण्टमा आजको मिति सम्म ८ प्रजातिका गिद्धहरु देखीन्छन् । यो स्थल पोखरा बजारबाट १३ कि.मी. उत्तर पश्चिममा पर्दछ ।

## गिद्ध संरक्षणका लागि हामीले के गर्न सकिन्छ ?


प्रतिबन्धित डाईक्लोफेनेकका साथै गिद्धलाई हानीकारक अन्य एन्.एस.ए. आइ.डी. को प्रयोग नगरौं र प्रभावकारी तथा सुरक्षित औषधि मलोक्सिक्यामको मामत्र प्रयोग गरौं । नयाँ आउने भेटेरीनरी प्रयोगकर्ताहरुलाई पनि यसको बारेमा सचेत गराऔं । आफ्नो गाई बस्तु बिरामी हुँदा बोलाईएको पशु चिकित्सक सँग तपाई कुन औषधि प्रयोग गर्नुहुन्छ भनी जिज्ञासा राखौं र डाईक्लाफेनेक प्रयोगमा निरुत्साहित गरौं । गिद्ध संरक्षण सचेतना र संकटका कारणहरु स्थानीय समुदाय, विद्यार्थी, क्लब र भेटेरीनरी व्यवसायी माफ्र्त प्रभावकारी ढङ्गले संचालन गर्न मद्दत गरौं । काल गतिले मरेका र विषादिमुक्त सिनो कुनै निश्चित स्थान वा गिद्धको वासस्थान वरिपरीको खुला ठाउँमा फाली गिद्धलाई आहारा उपलब्ध गराऔं। कही कतै घाईते वा मरेको गिद्ध देखेमा पशुसेवा उप केन्द्र, जिल्ला पशुसेवा कार्यालय, गिद्ध संरक्षणमा काम गरिरहेका स्थानीय संस्थाहरु वा नेपाल पन्छी संरक्षण संघमा खबर गरौं । अग्ला र ठुला तथा गिद्धको वासस्थानका लागि उपयुक्त रुखहरु नकाटौं र वनजंगल संरक्षण गरौं । प्रकृतिको अभिन्न अङ्ग गिद्ध संरक्षणमा सबैले हातेमालो गरी जैविक सन्तुलन र सनातन खाद्यचक्र कायम गरौं ।

## Vultures of Kaski (कास्की जिल्लामा पाईने गिद्धहरु)


Lammergeier / हाडफोर गिद्ध — Egyptian Vulture / सेतो गिद्ध — White-rumped Vulture / डंगर गिद्ध


Slender-billed Vulture / सानो खैरो गिद्ध — Himalayan Griffon / हिमाली गिद्ध — Eurasian Griffon / खैरो गिद्ध


Red-headed Vulture / सुन गिद्ध


Cinereous Vulture / राज गिद्ध

A= Adult (बयस्क) , SA= Sub Adult (बच्चा) रिफरेन्स : नेपालका चराहरु (Birds of Nepal)

जानकारीका लागी:
हेमन्त ढकाल, पोखरा-६, कास्की, मो: ९८५६०४८०४७
E-mail: hdforecology@gmail.com
नेपाल पंक्षी संरक्षण संघ, लाजिम्पाट काठमाडौं, फोन: ४४१७८०५, ४४२०२१३
E-mail: bcn@birdlifenepal.org, www.birdlifenepal.org




# गिद्ध संरक्षण हाम्रो अभियान

## "Save Vulture Save Environment"

The Rufford Foundation
www.rufford.org

THE PEREGRINE FUND



*"Participatory conservation and ecological monitoring of critically endangered Slender-billed Vulture in Kaski, Nepal."*